स्थानीय सरकार
# आठविसकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
आठविसकोट, रुकुम (पश्चिम भाग)
कर्णाली प्रदेश, नेपाल

०८८५९४००५
९८६०८९०५७४

पत्र संख्याः २०८२/०८२ (म.तथा बा .शाखा)
चलानी नम्बर : ९६३

मितिः २०८२/०८/०७
११४६ थिलाथ्व तृतिया आइतवार

श्री सरोकारवाला सबै
आठविसकोट नगरपालिका रुकुम पश्चिम ।

विषय : लैंगिक हिंसा विरुद्धको १६ दिने अभियान मनाउने सम्बन्धमा ।

प्रस्तुत सम्बन्धमा प्रत्येक वर्ष नोभेम्वर २५ देखि डिसेम्वर १० तारिक सम्म अन्तर्राष्ट्रिय अभियानका रुपमा विभिन्न कार्यक्रम गरी लैंगिक हिंसा विरुद्धको १६ दिने अभियान विश्वभरी मनाउने गरिएको छ । नेपालमा पनि विगत केही वर्षदेखि उक्त अवधिमा विभिन्न सचेतनामुलक अभियान सञ्चालन गरी लैंगिक हिंसा विरुद्धको अभियान मनाउने गरिएको छ । यसै सम्बन्धमा आठविसकोट नगरपालिकाको नगर उप प्रमुखको अध्यक्षतामा मिति २०८२/०८/०४ गतेको वैठकको निर्णय अनुसार विगत वर्षहरुमा झै यस वर्ष पनि २५ नोभेम्वर देखि १० डिसेम्बर २०२५ (२०८२ मंसिर ९ गते देखि ऐ. २४ गतेसम्म ) मनाइने लैंगिक हिंसा विरुद्धको १६ दिने अभियानको अन्तर्राष्ट्रिय नारा **"UNITE TO DIGITAL VIOLENCE AGAINST ALL WOMEN AND GIRLS"** र **" प्रविधिको सही प्रयोग गरौं : लैङ्गिक हिंसा अन्त्य गरौं "** भन्ने राष्ट्रिय नाराका साथ उक्त अभियान यस आठविसकोट नगरपालिकामा सचेतनामूलक कार्यक्रम लोकगीत प्रतियोगिता **"वनको काफल वनको चरीलाई : सबै मिली अगाडी बढ्ने हो लैङ्गिक हिंसा अन्त्य गर्नलाई "** भन्ने भाकामा लोकगीत प्रतियोगीता तपसिलको मिति र स्थानमा हुने निर्णय भएकोले प्रतियोगीतामा भाग लिन इच्छुक व्यक्तिहरुले **लैङ्गिक तथा घरेलु हिंसा न्युनिकरणमा सहयोग पुर्‍याउने किसिमका टुक्का बनाई आफ्नै सृजनामा गीत गाउनु पर्नेछ । गीत गाउँदा बढीमा ३ जना सम्मको समुह बनाउन सकिनेछ । गीत गाउँदा ८ देखि १० मिनेटमा गाइसक्नु पर्नेछ ।** लोकगीत प्रतियोगीतामा भाग लिनुहुन यसै सुचना साथ जानकारी गराईन्छ । साथै तहाँ वडाका वडा अध्यक्ष, कार्यपालिका सदस्य, वडा सदस्य, वडा सचिव अनिवार्य उपस्थित भई कार्यक्रम सञ्चालन तथा व्यवस्थापनमा सहयोग गर्नुका साथै त्यस वडाको तोकिएको स्थानमा व्यापक जनसहभागिता जुटाई सहयोग गरिदिनुहुन यसै पत्रसाथ अनुरोध छ ।

**तपसिल:**

| मिति | वडा/स्थान |
|---|---|
| २०८२/०८/१० | आ.न.पा. ४ नं.वडा कार्यालया सहभागी वडाहरु ४,५,६ (उद्घाटन) |
| २०८२/०८/१२ | आ.न.पा. ७ नं. वडा कार्यालय सहभागी वडाहरु ७,८ |
| २०८२/०८/१५ | आ.न.पा. १४ वाँकेज्युला सहभागी वडाहरु १३,१४ |
| २०८२/०८/१८ | आ.न.पा. ९ राडीज्युला शिक्षा क्याम्पस सहभागी वडाहरु ९,१०,११,१२ |
| २०८२/०८/२२ | आ.न.पा. २ वडा कार्यालय सहभागी वडाहरु १,२ र ३ (समापन) |

नोट : **लोकगीत प्रतियोगीतामा भाग लिई स्थान प्राप्त गर्नेहरुको लागि प्रथम पुरस्कार रु २५००। द्धितीय पुरस्कार रु २००० तृतिय पुरस्कार रु १५००। र सान्त्वना पुरस्कार रु १०००। को व्यवस्था गरिएको छ । भाग लिन चाहने इच्छुक व्यक्तिहरुले कार्यक्रम तोकीएको स्थानमा सोही दिन १०:०० बजे देखि ११:०० बजे सम्म नाम दर्ता गराउनुपर्ने छ ।**

२०८२/०८/०७

**ई.राजेश गौतम**
**नि. प्रमुख प्रशासकीय अधिकृत**